# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सिराहा, गोलबजार नगरपालिकाले आ.व. २०७७/७८ र २०७८/७९ मा पशु हाटबजार, बाख्रा हाटबजार र गुदरी हाटबजारसम्बन्धी ठेक्का विवादित व्यक्तिलाई दिई रकम हिनामिना गरेको, सम्झौता नगरी आधा राजश्व असुल गरी बाँकी राजश्व रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गोलबजार नगरपालिका, सिराहाका तत्कालीन नगरप्रमुख देवनाथ साहु तेली, उपप्रमुख रेशम कुमारी थापासमेतका प्रतिवादीहरूको आपसी मिलेमतो र सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी एक आपसमा गैरकानुनी लाभ लिने बदनियत (Malafide Intention) ले गोलबजार नगरपालिकाबाट आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा नगरपालिका क्षेत्रभित्र वडा नं. ६ र ७ मा पशु हाटबजार, बाख्रा हाटबजार र गुदरी हाटबजार सञ्चालन वापतको राजश्व सङ्कलन गर्ने प्रयोजनको लागि गोलबजार नगरपालिका वडा नं. ८ निवासी ठेकेदार वीरेन्द्र कुमार यादवलाई अमानतमा प्रदान गरेको देखिएको, गोलबजार नगरपालिका, सिराहाको मिति २०७८/०४/०४ को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार बुझाउनुपर्ने राजश्वमा गोलबजार नगरपालिकाको आर्थिक ऐन तथा प्रचलित कानुन, तथा स्थानीय तहमा कुनै कर छुट दिनुपर्ने बाध्यात्मक अवस्था रहेमा नगरसभाबाट मात्रै कर छुट दिन सक्ने विधायिकी सिद्धान्तको विपरीत हुने गरी रू.२७,३४,९१३/- (सत्ताइस लाख चौतीस हजार नौ सय तेह्र रूपैयाँ) रकम छुट दिने निर्णय गरेको, गोलबजार नगरपालिकाको मिति २०७८/०४/१४ को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार पशु हाटबजार, बाख्रा हाटबजार र गुदरी हाटबजार अमानत रकम राजश्व दाखिला हुने गरी विना प्रतिस्पर्धा सोझै अमानतमा वीरेन्द्र कुमार यादवलाई दिने गरी निर्णय गरे गराएकोमा अमानती ठेकेदार वीरेन्द्र कुमार यादवबाट असुली गरी सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा असुली नगरी रू.१,३३,११,४३१/१० (एक करोड तेत्तीस लाख एघार हजार चार सय एकतीस रूपैयाँ दश पैसा) हानिनोक्सानी गरेको देखिँदा आ.व. २०७७/७८ को राजश्व छुट दिएको रू.२७,३४,९१३/- (सत्ताइस लाख चौतीस हजार नौ सय तेह्र रूपैयाँ) र आ.व. २०७८/७९ मा असुल नै नगरेको रू.१,३३,११,४३१/१० (एक करोड तेत्तीस लाख एघार हजार चार सय एकतीस रूपैयाँ दश पैसा) गरी कुल जम्मा रू.१,६०,४६,३४४/१० (एक करोड साठी लाख छयालीस हजार तीन सय चवालीस रूपैयाँ दश पैसा) सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको देखिएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्र स | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गोलबजार नगरपालिका, सिराहाका तत्कालीन नगर प्रमुख **देवनाथ साहु तेली** | रू.१,६०,४६,३४४/१० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **एक करोड साठी लाख छयालीस हजार तीन सय चवालीस रूपैयाँ दश पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | | | २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै, निज गोलबजार नगरपालिका, सिराहाको नगर प्रमुख भई कार्य गरेको देखिएको र निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | गोलबजार नगरपालिका, सिराहाका तत्कालीन नगर उपप्रमुख **रेशम कुमारी थापा** | **रू.१,६०,४६,३४४/१०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **एक करोड साठी लाख छयालीस हजार तीन सय चवालीस रूपैयाँ दश पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | गोलबजार नगरपालिका, सिराहाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **श्रीधर के.सी.** | **रू.१,६०,४६,३४४/१०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **एक करोड साठी लाख छयालीस हजार तीन सय चवालीस रूपैयाँ दश पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | गोलबजार नगरपालिका, सिराहाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **अनन्त कुमार पौडयाल** | **रू.१,३३,११,४३१/१०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **एक करोड तेत्तीस लाख एघार हजार चार सय एकतीस रूपैयाँ दश पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ५. | गोलबजार नगरपालिका, सिराहाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **राम नारायण महतो** | **रू.१,३३,११,४३१/१०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **एक करोड तेत्तीस लाख एघार हजार चार सय एकतीस रूपैयाँ दश पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | गोलबजार नगरपालिका, सिराहाका तत्कालीन राजस्व शाखा प्रमुख **दिनेश कुमार सहनी** | **रू.१,६०,४६,३४४/१०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो **एक करोड साठी लाख छयालीस हजार तीन सय चवालीस रूपैयाँ दश पैसा** कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | हाटबजार ठेकेदार **वीरेन्द्र कुमार यादव** | **रू.१,६०,४६,३४४/१०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई बिगो **एक करोड साठी लाख छयालीस हजार तीन सय चवालीस रूपैयाँ दश पैसा** कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने